# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(कृषि / पशु पन्छी विकास शाखा)
फिदिम,पाँचथर

" समृद्ध शहर, फिदिम नगर"
१ नं. प्रदेश, नेपाल

फिदिम नगरपालिका नगरपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल

प.सं.: ०७८।७९

मिति : २०७८/०८/०१

चनं. : १३२६

## सूचना सूचना सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०८।०१

**विषयः** पशुपन्छी विकास सेवा तर्फको कार्यक्रमहरुको सुचना प्रकाशन गरिएको वारे।

प्रस्तुत विषयमा स्थानीय तह फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व. २०७८/७९को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्न पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम लागत साझेदारीमा देहायका कार्यक्रमहरु संचालन गर्न ईच्छुक र योग्य आवेदक कृषकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र फिदिम नगरपालिका पशुपन्छी विकास शाखा तथा सम्वन्धित वडा कार्यालयमा कार्यालय समय भित्र प्रस्ताव / आवेदन दर्ता गर्नु हुन यो सुचाना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव / आवेदनहरु छनौटको लागि समावेस नहुने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ। थप जानकारीको लागि पशुपंन्छी विकास शाखा प्रमुख श्री तिर्थ राज मिश्र मोबाइल नं. ९८५२६८१३५० र पशु सेवा प्राविधिक श्री चन्द्र कुमार राई मोवाइल नं ९८४४६३५५२८ मा तथा नगरपालिकाको फोन नं ०२४-५२०१०७ मा सम्पर्क गर्न सकिने छ। साथै फिदिम नगरपालिकाको वेवसाइड www.phidimmun.gov.np बाट सूचनाहरु डाउनलोड गरी जानकारी लिन सकिनेछ।

*देहायः*

| क्रस | योजनाको नाम | संचाल हुने स्थानहरु | सम्पन्न गर्नु पर्ने कृयाकलापहरु | आवेदन दिन सक्ने साझेदार | पालिकाबाट अधिक्तम साझेदारी हुने रकम |
|---|---|---|---|---|---|
| १ | सहकार्यमा गोठ,खोर सुधार | फिदिम नगरपालिका का सबै वडा | गोठ, खोर निर्माण, सुधार (गाई/भैसी : डुड,बस्ने भुँई र नाली पक्की निर्माण,बाख्रा: खोर निर्माण, मुनी पट्टी पक्की स्लाव, डुड, र बंगुर: डुड,भुई र नाली पक्की लगायत मल मुत्र व्यवस्थापन आदि गरेको हुनु पर्ने) | पशु पालक कृषकहरु | रु२००००। विस हजार। प्रति सहभागी |
| २ | ५०% साझेदारीमा मोटर सहितको च्याप कटर वितरण | फिदिम नगरपालिका का सबै वडा | मोटर सहित च्याप कटर वितरण (च्याप कटर फलामको र मोटर ३ एच पी) | पशु पालक कृषकहरु / कृषी फर्महरु | लागतको ५०% प्रति सहभागी |
| ३ | ५०% लागत साझेदारीमा काउ म्याट | फिदिम नगरपालिका का सबै वडा | व्यवसायीक दुध उत्पादक कृषकहरुलाई प्रति कृषक / व्यवसायीलाइ वितरण गरिने | पशु पालक कृषकहरु / कृषी फर्महरु | लागतको ५०% प्रति सहभागी |

प्रमुख प्रशासकिय अधिकृत
क.सं.नं.-११२६६२

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | डेरी उद्योग प्रवर्धनका लागि ५०% साझेदारीमा मिल्क एनालाईजर खरिद | फिदिम नगरपालिका का सबै वडा | दुध उत्पादक समुह, समिति, सहकारी, दुग्ध जन्य उद्योगी व्यवसायीलाई मिल्क एनालाईजरमा सहयोग | दुध उत्पादक कृषक समूह /समिति/ सहकारीहरु / उद्योगहरु | लागतको ५०% प्रति वा अधिक्तम रु५००००। पचास हजार प्रति सहभागी |
| ५ | ५०% अनुदानमा हिउदे घाँस विउ वितरण | फिदिम नगरपालिका का सबै वडा | जै,भेज र मोलाया घाँसको विउ वितरण | कृषकहरु, कृषि फर्म, सहकारी तथा कृषक समूहहरु | लागतको ५०% प्रति सहभागी |

प्रस्ताव/आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरू:

(१) अनुसूची -२ बमोजिमको आवेदन साथ माग भएको विवरण।

(२) आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

(३) क्रम संख्या ४ नं कार्यक्रमकको हकमा प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा समुह / समिति / संस्था/ फार्म / व्यवसाय दर्ता / नविकरण र पान / भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि आवश्यकता अनुसार।

(४) क्रम संख्या ४ नं कार्यक्रमकको हकमा लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(५) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

(६) समुह, सहकारी, कम्पनी भए संस्थाको वैठकको निर्णय प्रतिलिपी।

(७) निवेदन दस्तु वापतको रु १०को नगदि रसिद।

**नोटः**

१, आवेदक सम्वन्धित वडाको स्थाई रुपमा वसोवास र व्यावसायी हुनु पर्नेछ।

२, विगतमा सोही प्रकृतिको अनुदान नलिएको हुनु पर्नेछ।

अम्बिका प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत